धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा क्ल मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४९ ◆ २०८३ असार २१ गते आइतबार, Sunday, July 5, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## प्रहरीका पूर्वाधार सुधारमा सरकार केन्द्रित

मोरङ। गृहमन्त्री सुधन गुरुङले सीमा सुरक्षा र प्रहरीका भौतिक पूर्वाधार सुधारमा सरकार केन्द्रित रहेको बताउनुभएको छ ।

नेपाल-भारत सीमाक्षेत्रको सुरक्षा अवस्थाबारे जानकारी लिन आउनुभएका गृहमन्त्री गुरुङले विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै प्रहरी कार्यालयका जीर्ण भवन तथा भौतिक पूर्वाधार सुधारलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो । देशका विभिन्न जिल्लास्थित प्रहरी कार्यालयका भवन जीर्ण अवस्थामा रहेको जानकारी आफूलाई भएको उल्लेख गर्दै उहाँले ती संरचनाको पुनःनिर्माण तथा स्तरोन्नतिका लागि सरकारले गृहकार्य गरिरहेको बताउनुभयो। फरक प्रसङ्गमा मन्त्री गुरुङले चोरीतस्करी नियन्त्रण, सुरक्षा निगरानी विस्तार तथा सुरक्षा निकाय बीचको समन्वयलाई प्रभावकारी बनाउन गृहप्रशासन क्रियाशील रहेको बताउनुभयो।

## पोखरेबगरमा एक घर, एक धारा

म्याग्दी। म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरमा 'एक घर, एक धारा' सहितको खानेपानी योजना निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको विशेष अनुदान सहयोगमा अन्नपूर्ण गाउँपालिकाले वडा नम्बर ६ मा पर्ने पोखरेबगर र बैसरीमा खानेपानी सुविधा विस्तार गरेको हो ।

दुई वटा टोलका निजी घर, विद्यालय, मन्दिरसहित ८७ वटा धारा निर्माण भएको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो । "घारको नुनथलामा रहेको मुहानबाट करिब पाँच किलोमिटर पाइपलाइनमार्फत पानी ल्याएर वितरण गरिएको हो", उहाँले भन्नुभयो, "अन्नपूर्ण गाउँपालिकाको क्रमागत बैसरी-हल्लेखर्क-पोखरेबगर योजनामार्फत गतवर्ष हल्लेखर्क र बैसरीका २४ घरमा खानेपानी सुविधा पुऱ्याइएको थियो ।" यसवर्ष बैसरीका बाँकी र पोखरेबगरका सबै घरमा निजी धारामार्फत खानेपानी वितरणको व्यवस्था मिलाइएको जानकारी दिँदै वडाध्यक्ष खड्काले आगामी आवमा नुनथलाको मुहानलाई थप व्यवस्थित गरिने बताउनुभयो । करसहित रु ३५ लाख ४८ हजारमा ठेक्का सम्झौता गरेको गन्जे निर्माण सेवाले निर्धारित समयमै योजना सम्पन्न गरेको अन्नपूर्ण गाउँपालिका-६ का सवइन्जिनियर वृद्धि बरुवालले बताउनुभयो । उहाँका अनुसार पाइपलाइन, एक वटा १६ घनमिटर क्षमताको नयाँ ट्याङ्की निर्माण, १४ घनमिटरको पुरानो ट्याङ्की मर्मत र ८७ वटा धारा निर्माण भएको छ। घरघरमा खानेपानी आपूर्ति भएपछि पानी ओसार्दा हुने झन्झट हट्नुका साथै समयको बचत भएको छ । यसअघि खानेपानी आपूर्ति नियमित नहुने र वितरण व्यवस्थित नहुँदा उपभोक्तालाई सास्ती थियो । कूल रु एक करोड १९ लाख लागत अनुमान गरिएको बैसरी-हल्लेखर्क-पोखरेबगर खानेपानी योजनाबाट १२५ घरपरिवार लाभान्वित हुने वडाध्यक्ष खड्काले बताउनुभयो ।

## बजेटका पक्षमा मतदान गर्न ह्विप जारी

मकवानपुर। नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको शनिबार हेटौँडामा भएको बैठकले प्रदेश सरकारद्वारा आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत बजेटका पक्षमा मतदान गर्न 'ह्विप' जारी गरेको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँको अध्यक्षतामा भएको बैठकमा पार्टी महामन्त्री गुरुराज घिमिरे आमन्त्रित सदस्यका रूपमा सहभागी हुनुभएको थियो ।

नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँगको समन्वयमा प्रदेशसभामा बजेट प्रस्तुत गरेको हो । त्यसअघि दुवै पार्टीका संसदीय दलले नेपाली कांग्रेसका पूर्वमुख्यमन्त्री बहादुर सिंह लामाको संयोजकत्वमा बजेट निर्माण सहजीकरण कार्यदल गठन गरेका थिए ।

## शिक्षक महासंघको काठमाडौँ जिल्ला समिति विस्तार

काठमाडौँ। नेपाल शिक्षक महासङ्घले पहिलो पटक जिल्ला समिति काठमाडौँ गठन गरेको छ । समितिको संस्थापक अध्यक्षमा गणेशप्रसाद गुरागाईं सर्वसम्मत चयन हुनुभएको छ ।

यसअघि नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, काठमाडौँ महानगर कमिटीको अध्यक्ष भइसक्नुभएका गुरागाईंको नेतृत्वमा २७ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन भएको महासङ्घले जनाएको छ ।

कार्यसमितिको सहअध्यक्षमा कृष्णराज कट्टेल, उपाध्यक्षमा वासुदेव खनाल, महिला उपाध्यक्षमा तारा अधिकारी, सचिवमा नारायणप्रसाद गौतम, खुला सहसचिवमा समुन्द्र तिमल्सिना, सहसचिव (अर्थ)मा गोविन्दप्रसाद पौडेल, महिला सहसचिवमा अनिता अधिकारी तथा संस्थागत सहसचिवमा दिवसबाबु पोखरेल र रामहरि ढकाल चयन हुनुभएको छ। सदस्यहरूमा सूर्यबहादुर खड्का, चक्रबहादुर विष्ट, भगवती सिलवाल, सरिताकुमारी प्रसाईं, श्रवण बस्नेत, तारा मिश्र, सुमित्रा सिग्देल, बबिता साही ठकुरी, दिनेश लामा, भरत भण्डारी, सृजना खड्का गिरि, सूर्यकुमार उपाध्याय, डिल्लीराज ज्ञवाली, विनोद खनाल, सुशीला खनाल, वीरवल्लभ घिमिरे र तेजेन्द्र सुवेदी रहनुभएको जनाइएको छ । महासङ्घका राष्ट्रिय अध्यक्ष लक्ष्मीकिशोर सुवेदी, महासचिव तुलाबहादुर थापा, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका राष्ट्रिय अध्यक्ष हंशबहादुर शाही, नेपाल शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष सोमनाथ गिरि, विद्यालय कर्मचारी परिषद्का केन्द्रीय अध्यक्ष गङ्गाराम तिवारीलगायत शिक्षक नेताहरुको उपस्थिति थियो ।

# रसुवागढी जलविद्युत्को ७४ मेगावाट विद्युत् पुनः राष्ट्रिय प्रसारणमा

*प्रत्यूष समाचारदाता*



रसुवा । गतवर्षको असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीका कारण क्षतिग्रस्त बनेको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको ७५ प्रतिशतभन्दा मर्मत सम्पन्न भएको छ। बाढीपछि सञ्चालन गरिएको मर्मत तथा पुनःनिर्माण सम्पन्न भएसँगै राष्ट्रिय विद्युत् प्रणालीको मागअनुसार ७४ मेगावाट विद्युत् मात्र उत्पादन सुरु गरिएको जनाइएको छ ।

नेपाल-चीन सीमास्थित भोटेकोशी नदीको जलस्रोत उपयोग गरी निर्माण गरिएको यो आयोजना नेपालका महत्वपूर्ण जलविद्युत् आयोजनामध्ये एक हो ।

गतवर्षको बाढीले आयोजनाले ठूलो प्राकृतिक विपत्तिको सामना गर्नुपरे पनि छोटो अवधिमै पुनःसञ्चालनको अवस्थामा पुग्नु आफूहरुका लागि सकारात्मक उपलब्धि भएको स्थानीयसोनाम औदी तामाङले बताउनुभयो ।

रसुवागढी जलविद्युत् कम्पनीका कार्यकारी निर्देशक सत्यराम ज्याख्वाका अनुसार बाढीका कारण सुरुङभित्र पसेको भेलले बिगारेका विद्युत् गृहका उपकरणहरूको मर्मत, भूमिगत डिसेन्डर (बालुवा थिग्राउने पोखरी) को सफाइ तथा अवरोध हटाउने, हाइड्रो-मेकानिकलतर्फका सम्पूर्ण मर्मत तथा पुनःनिर्माण कार्य सम्पन्न भइसकेका छन् । आयोजनाले प्रयोग गर्ने पुल संरक्षणका लागि तटबन्ध निर्माण तथा जोखिमयुक्त स्थानमा आवश्यक संरक्षणका कामसमेत सम्पन्न गरिएको उहाँले जानकारी दिनुभयो । भोटेकोसी नदीमा रहेको बाँधस्थलमा बाढीले थुपारेका विशाल ढुङ्गाहरू फुटाउने काम सकिएको छ भने ड्याम मर्मत तथा सुधारका बाँकी काम अन्तिम चरणमा पुगेको छ । अब नदीको पानी नयाँ गेटमार्फत फिल्टर गरेर सुरुङभित्र पठाउने व्यवस्था मिलाइएकाले आयोजना १११ मेगावाट पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सक्षम भइसकेको कम्पनीले जनाएको छ । बाढीका कारण आयोजनामा रु साढे तीन अर्बभन्दा बढीको क्षति पुगेको कम्पनीको अनुमान छ । जलविद्युत् केन्द्र प्रमुख सन्तोष अधिकारीका अनुसार आयोजना अहिले पूर्णरूपमा सञ्चालनयोग्य भए पनि देशभित्र विद्युत् माग कम रहेका कारण नेपाल विद्युत् प्राधिकरणको निर्देशनअनुसार हाल ७४ मेगावाट मात्र राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गरिएको हो ।

प्राविधिकहरूका अनुसार बाँध क्षेत्रबाहेक आयोजनाका अधिकांश संरचना भूमिगत भएकाले पहिरोबाट प्रत्यक्ष असर पर्ने सम्भावना न्यून छ। त्यसैले भविष्यमा बाह्य संरचनाको थप सुरक्षा सुदृढ गर्दै आयोजना दीर्घकालीन रूपमा सुरक्षित सञ्चालन गर्ने तयारी गरिएको छ ।

## नागरिकमैत्री सेवा प्रवाहमा प्राथमिकता : राहदानी घर दैलोमा पुर्याउन सुरु

*प्रत्यूष समाचारदाता*

काठमाडौँ। नेपाल सरकारले सरकारी सेवा घरघर भन्ने अभियानलाई मूर्त रूप दिइ हुम्ला र भोजपुरबाहेक सबै जिल्लामा राहदानी घर दैलोमा पुर्याउने कार्यको थालनी गरेको छ ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारको एक सय दिने प्रमुख उपलब्धिहरु शनिबार सिंहदरबारबाट सार्वजनिक गर्दै सरकारका प्रवक्ता सस्मित पोखरेलले नागरिकमैत्री सेवा प्रवाह गरी नागरिकप्रति सरकारको विश्वास र भरोसा अभिवृद्धि गर्न सो कार्यको थालनी गरिएको बताउनुभयो ।

प्रगति विवरणअनुसार हालसम्म दुई लाख छ हजार ३३० थान राहदानी हुलाकमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयसम्म ढुवानी गरिएको छ भने सम्बन्धित कार्यालयले पाँच हजार ७२८ थान राहदानी सेवाग्राहीको घरदैलोमा पुर्याइएको छ ।

सेवा प्रवाहलाई प्रभावकारी र नागरिकमैत्री बनाउन फ्रन्ट डेस्कमा काम गर्ने करिब ५०० कर्मचारीलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट तालिम दिइएको सरकारले जनाएको छ ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता हुने कम्पनीहरूको स्थायी लेखा नम्बर र सोको प्रमाणपत्र सोही कार्यालयको साथै १२० स्थानीय तहबाट स्थायी लेखा नम्बरसहित करदाता सेवा प्राप्त गर्न सक्ने प्रबन्ध गरिएको विवरणमा जनाइएको छ। सरकारले छपाइ गर्न बाँकी सवारीचालक अनुमतिपत्र हालसम्म २३ लाख ७५ हजार १८१ थान छपाइ सम्पन्न भएको र यही असार मसान्तसम्म २९ लाख थान छपाइ सकिने सार्वजनिक विवरणमा जनाइएको छ ।

यसैगरी सबै जिल्ला प्रशासन कार्यालयबाट क्रमशः एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्न गठन गरिएको कार्यदलबाट प्राप्त सुझावबमोजिम हाल ३२ वटै जिल्लामा एकद्वार सेवा प्रणालीमा कार्यान्वयनका लागि बजेट व्यवस्था गरिएको जनाइएको छ ।

## बागमती प्रदेशसभाः दुई विधेयक बहुमतले पारित

मकवानपुर । बागमती प्रदेशसभाको शनिबारको बैठकले प्रदेश विनियोजन विधेयक २०८३ र प्रदेश आर्थिक विधेयक २०८३ लाई बहुमतले पारित गरेको छ । बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेश विनियोजन विधेयक २०८३ लाई पारित गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो ।

प्रदेशसभाका सदस्यहरू क्रमशः ईश्वर सापकोटा, श्रृजना सैजु र रत्नप्रसाद ढकालले सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेटमा ल्याइएको रकमको खर्च कटौती गरियोस् भनी ल्याइएको प्रस्तावलाई सो बैठकको बहुमतले अस्वीकृत गर्यो ।

साथै बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री तामाङले प्रदेश आर्थिक विधेयक २०८३ माथि विचार गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो। प्रदेश आर्थिक विधेयक २०८३ को सैद्धान्तिक पक्षमा मात्र छलफल गरिएको थियो। विधेयकमाथि श्रृजना सैजु, रत्नप्रसाद ढकाल र नुरज बज्राचार्यले छलफलमा सहभागी हुँदै सरकारले यातायात क्षेत्रका उपभोक्ताहरूलाई लाइन्सेस नवीकरणलगायत अन्य सेवा लिन बढी करको भार थपिने भएकाले सो प्रक्रियालाई संशोधन हुनुपर्ने सुझाव दिनुभयो ।

त्यस अवसरमा मन्त्री तामाङले छलफलमा उठेको प्रश्नहरूको जवाफ दिनुहुँदै राज्य सञ्चालन गर्न कानुनसम्मत करको दायरा हेरफेर गर्न र केही रकम बढाउन सकिने भएकाले सर्वसाधारण नागरिकलाई सेवा विस्तारमा थप सुविधा उपलब्ध गराइने बताउनुभयो। मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलगायत विभिन्न मन्त्रीले विभिन्न मन्त्रालयका विषयमा छलफल उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो । प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंले प्रदेशसभाको अर्को बैठक सूचना जारी नभएसम्मका लागि आजको बैठक स्थगित गर्नुभएको थियो ।

## झोपु निर्माणका लागि एक करोड बजेट विनियोजन

तनहुँ। जिल्लाको आँबुखैरेनी र चितवन जोड्ने त्रिशूली नदीमाथि दुई वटा झोलुङ्गे पुल निर्माणका लागि रु एक करोड बजेट विनियोजन भएको छ । आँबुखैरेनी गाउँपालिका-५ र भरतपुर महानगरपालिका-२९, चितवन र आँबुखैरेनी गाउँपालिका-४ र चितवनको इच्छाकामना गाउँपालिका, जोड्ने त्रिशूली नदीमा पुल निर्माणका रु ५० लाखका दरले बजेट विनियोजन भएको हो । दुई स्थानमा झोलुङ्गे पुल बनेपछि सर्वसाधारणलाई आवतजावतमा सहज हुने विश्वास गरिएको गाउँपालिका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । आँबुखैरेनीको आवश्यकता र अनुरोधलाई विशेष प्राथमिकता राखेर मन्त्रालयबाट बजेट विनियोजन भएको छ, उहाँले भन्नुभयो, ।

## सम्पादकीय ....

### सन्दर्भ डिजिटल युगको

नेपाल राष्ट्र बैङ्कले डिजिटल वित्तीय प्रणालीलाई प्रवर्धन गर्न विभिन्न नीति तथा निर्देशन जारी गरेको छ । यसले बैङ्क तथा वित्तीय संस्थालाई प्रविधिको अधिकतम प्रयोग गरी सेवा विस्तार गर्न प्रोत्साहन दिएको छ । साइबर सुरक्षा, डिजिटल कारोबारको सुरक्षा मापदण्ड र ग्राहक संरक्षणसम्बन्धी नियम पनि कडाइका साथ लागु गरिएका छन्, जसले डिजिटल बैङ्कलाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । हाल धेरै बैङ्कले डिजिटल सेवा विस्तार गरिरहेका छन्, जसले वित्तीय पहुँचलाई ग्रामीण तथा दुर्गम क्षेत्रसम्म पुऱ्याउन सहयोग पुऱ्याएको छ । डिजिटल भुक्तानी प्रणालीले नगदरहित, पेपरलेस र फेसलेस बैङ्किङ कारोबारलाई उल्लेखनीय रूपमा बढावा दिएको छ । क्युआर कोड, मोबाइल वालेट र अनलाइन पैसा स्थानान्तरणको प्रयोग बढेसँगै नगदमा निर्भरता घट्दै गएको छ । यसले अर्थतन्त्रलाई अझ पारदर्शी बनाउनुका साथै आर्थिक कारोबारलाई छिटो, सुरक्षित र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपालमा डिजिटल बैङ्किङ तीव्र रूपमा विस्तार भइरहेको छ । मोबाइल बैङ्किङ, इन्टरनेट बैङ्किङ, क्युआर कोड भुक्तानी प्रणाली, डिजिटल वालेट र रेमिट्यान्स सेवाको प्रयोग उल्लेखनीय रूपमा बढ्दै गएको छ । पछिल्ला वर्षमा स्मार्टफोन र इन्टरनेटको पहुँच बढेसँगै नागरिकको बैङ्किङ सेवा प्रयोग गर्ने तरिकामा ठुलो परिवर्तन आएको छ । पहिले बैङ्कमा भौतिक रूपमा उपस्थित हुनुपर्ने बाध्यता थियो भने अहिले धेरै जसो वित्तीय कारोबार घरमै बसेर मोबाइल वा कम्प्युटरमार्फत गर्न सकिने अवस्था बनेको छ । यसले समय, लागत र झन्झट दुवै घटाएको छ भने बैङ्किङ सेवालाई सहज बनाएको छ ।

नेपाल राष्ट्र बैङ्कको आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिमा नियो बैङ्क स्थापनासम्बन्धी आवश्यक कानुनी तथा नियामकीय संरचना तयार गर्ने विषय समेटिएको छ । यसले नेपालको बैङ्किङ प्रणालीलाई परम्परागत ढाँचाबाट डिजिटल तथा प्रविधि आधारित प्रणालीतर्फ लैजाने सङ्केत गरेको छ । मौद्रिक नीतिले वित्तीय समावेशिता विस्तार, ग्रामीण क्षेत्रसम्म बैङ्किङ पहुँच वृद्धि र डिजिटल बैङ्किङ प्रवर्धनलाई मुख्य उद्देश्य बनाएको छ । साथै फिनटेक नवप्रवर्तनलाई प्रोत्साहन गर्दै आधुनिक बैङ्किङ प्रणाली विकास गर्ने लक्ष्य राखिएको छ । राष्ट्र बैङ्कले नगदरहित अर्थतन्त्र विकास, डिजिटल भुक्तानी प्रणाली सुदृढीकरण र प्रविधिको अधिकतम उपयोगलाई प्राथमिकता दिएको छ । त्यसै गरी साइबर सुरक्षा, डिजिटल नियमन र डेटा संरक्षणलाई मजबुत बनाउँदै भविष्यमा भर्चुअल तथा नियो बैङ्कका लागि आवश्यक कानुनी आधार तयार गर्ने कार्यलाई पनि महत्व दिएको छ ।

पछिल्ला वर्षमा स्मार्टफोन र इन्टरनेट प्रयोग गर्ने मानिसको सङ्ख्या तीव्र रूपमा बढ्दै गएको छ, जसले डिजिटल बैङ्किङ सेवाको प्रयोगलाई सहज बनाएको छ ।

आगामी दिनमा कृत्रिम बुद्धिमत्ता, ब्लकचेन, बृहत् तथ्याङ्क विश्लेषण तथा क्लाउड प्रविधि जस्ता आधुनिक प्रणालीले बैङ्किङ सेवालाई अझ सुरक्षित, छिटो र प्रभावकारी बनाउने छन् ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सरकारका १०० दिन: अर्थतन्त्रलाई गति दिन नीतिगत सुधारको पहल

सरकारले मुलुकको अर्थतन्त्रको सुधारका लागि नीतिगत सुधार, कानुनी प्रबन्धलाई उच्च प्राथमिकतामा राखेको छ ।

वर्तमान सरकार गठन भएको १०० दिन पुगेको अवसरमा आज सार्वजनिक विवरणअनुसार उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझावअनुसार १५ वटा असान्दर्भिक कानुन खारेज गरिएको छ ।

यस्तै, राजस्व अनुसन्धान विभाग खारेज गरी सोको व्यवस्थापन गरिएको छ ।

सार्वजनिक पूर्वाधार विकासमा निजी क्षेत्र र वैदेशिक लगानी आकर्षित गर्न उद्देश्यका साथ वैकल्पिक विकास वित्त ऐन २०८३ सङ्घीय संसद्बाट पारित भई कार्यान्वयनको चरणमा प्रवेश गरेको छ ।

यसले राज्यका प्राथमिकताका क्षेत्रमा लगानी परिचालन गर्नका लागि नवीन उपकरणको प्रयोग गर्न सकिने वातावरण सिर्जना गरेको छ ।

यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली संशोधन भई पुँजीगत बजेटको रकमान्तर सम्बन्धित मन्त्रालयका सचिव (लेखा उत्तरदायी अधिकृत) ले गर्नेगरी लाई अधिकार प्रत्यायोजन गरिएको छ । यसबाट रकमान्तरको प्रक्रिया उल्लेखनीय रूपमा कमी भई पुँजीगत खर्च वृद्धि हुने सरकारको विश्वास छ ।

कम्पनी रजिष्ट्रारको कार्यालय र १२० वटा स्थानीय तहबाट स्थायी लेखा नम्बरसहित करदाता सेवा प्राप्त गर्न सक्ने गरी प्रबन्ध मिलाइएको छ ।

पश्चिम एसियाको द्वन्द्वका कारण पेट्रोलियम पदार्थ आपूर्तिमा अवरोध एवं विश्व बजारमा मूल्यवृद्धि भएको परिप्रेक्ष्यमा जनतामा सोको भार कम गर्न पैठारीमा लाग्ने भन्सार महसुल तथा पूर्वाधार विकास शुल्कमा ५० प्रतिशत छुट दिइएको थियो । 'ई-पेन्सन भेरिफिकेसन' प्रणाली लागू गरी जुनसुकै स्थान वा घरबाट नै पेन्सनको भेरिफिकेसन गर्न व्यवस्था मिलाइएको छ । यसबाट निवृत्तिभरण प्राप्त गर्ने ठूलो सङ्ख्याले राहत पाएका छन् ।

यस्तै, आन्तरिक राजस्व कार्यालयबाट कर विवरण पेस, कर चुक्तालगायत सम्पूर्ण कार्य 'अनलाइन' प्रणालीबाट प्रदान गरिएको छ ।

व्यापारको लागत न्यूनीकरण, व्यापार सहजीकरण र 'फेसलेस र कन्ट्याक्टलेस' राजस्व प्रशासनको विकास गर्न सहयोग गरिएको आज सार्वजनिक विवरणमा उल्लेख छ ।

नेपाल २०८१ फागुन ९ देखि नेपाल 'फाइनान्सियल एक्सन टास्क फोर्स'को 'ग्रे लिस्ट'मा परेको छ । ग्रे लिष्टमा परेकामा पहिलोपटक तात्विक सुधारतर्फ उन्मुख भएको छ । वर्तमान सरकारले चालेको सकारात्मक कदमबाट हाल प्रगतिउन्मुख रहेको स्पष्ट पारेको छ । सन् २०२६ को जुन महिनामा भएका टास्क फोर्सको बैठकले सन् २०२६ अप्रिलसम्म भएका प्रगतिको मूल्याङ्कन गर्दै ग्रे लिष्टका लागि तोकिएका १५ कार्यमध्ये तीन कार्य सम्पन्न भएको र चार कार्यमा आंशिक प्रगति भएको भनी स्तरोन्नति गरेको उल्लेख छ ।

गोरखकाली रबर उद्योग, हेटौँडा सिमेन्ट, जनकपुर चुरोट र नेपाल मेटल कम्पनी लिमिटेडको 'ड्यू डिलिजेन्स अडिट' (डिडिए) गरी अन्तिम प्रतिवेदन तयार पारिएको छ ।

यस्तै, उदयपुर सिमेन्टको पनि डिडिएको अन्तिम मस्यौदा प्राप्त भएको छ । बुटवल धागो र 'नेपाल ओरियन्टल म्याग्नेसाइट'को अध्ययन भइरहेको छ । लगानी बोर्डअन्तर्गत रहेका ९७० वटा ठूला एवं महत्त्वपूर्ण परियोजनाको लगानीको ढाँचासहितको अध्ययन सम्पन्न भएको छ ।

यस्तै, १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका बैङ्क तथा वित्तीय संस्थाका खाताहरूको रकम परिचालन गर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ मा आवश्यक परिमार्जनका लागि प्रक्रिया अगाडि बढाइएको छ । सार्वजनिक विवरणअनुसार त्यससम्बन्धी मस्यौदा प्रस्ताव गर्न अर्थ मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको समेत प्रतिनिधित्व हुनेगरी कार्यदल गठन भई मस्यौदा प्रतिवेदन सञ्चालक समितिसमक्ष पेस भएको छ ।

सय दिनको अवधिमा समान प्रकृतिको कोषको एकीकरणका लागि महालेखा नियन्त्रक कार्यालयले अध्ययन प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा बुझाएको छ ।

कुल १९६ भन्दा बढी कोषमा रु ८४ अर्ब ८४ करोड बराबरको मौज्दात रहेको छ, सो रकमलाई प्रभावकारी रूपमा परिचालन गर्नका लागि कानुन संशोधनको प्रक्रिया अगाडि बढाइएको छ ।

राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन राजस्व अनुसन्धान विभाग खारेज गरी त्यसले सम्पादन गर्दै आएको कार्य आन्तरिक राजस्व विभाग र भन्सार विभागअन्तर्गत गाभ्ने व्यवस्था मिलाइको छ । राजस्व चुहावट नियन्त्रण गर्न 'डेडिकेटेड अप्रेसन टिम' गठन गरी परिचालन गरिएको छ । राजस्व चुहावट नियन्त्रण र कर प्रशासनलाई पारदर्शी बनाउन वार्षिक रु २० करोडभन्दा बढी कारोबार गर्ने ८४१ करदातालाई 'केन्द्रीय बिजक अनुगमन प्रणाली'मा आबद्ध गरिएको छ ।

भन्सार नाकामा वर्षौंदेखि थन्किएका सवारी साधन नेपाल प्रहरीलगायत निकायमा हस्तान्तरण गरिएको छ र बाँकी लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाइएको छ ।

भन्सार नाकामा राजस्व चुहावटमा शङ्कास्पद देखिएका कर्मचारी तथा त्यसमा संलग्न व्यक्तिप्रति निर्मम भई निलम्बन र छानबिनको प्रक्रियामा ल्याइएको सार्वजनिक विवरणमा समावेश छ ।

धौवादी र राते खोला फलाम खानी क्षेत्रमा विस्तृत सम्भाव्यता अध्ययनका क्रममा १२ वटा स्थानमा 'कोर ड्रिलिङ' कार्य सम्पन्न भएको छ । खानी तथा भूगर्भ विभागबाट उत्खननका लागि सैद्धान्तिक सहमति प्राप्त भएको छ । यसका साथै वातावरणीय प्रभाव मूल्याङ्कन कार्य परामर्शदातामार्फत सुरु गरिएको छ ।

यस्तै, सरकारी निर्णय प्रक्रियामा रहेको बहु-स्वीकृति तहलाई बढीमा तीन तहमा सीमित गर्ने नीतिगत सुधारको कार्यान्वयन गरिएको छ ।

नेपालका विभिन्न भूभागमा रहेका खानी तथा खनिज क्षेत्रको उत्खनन र नियमनमा कडाइ गरिएको छ । यसअन्तर्गत निष्क्रिय रहेका २७ वटा अनुमतिपत्रलाई स्पष्टीकरण सोधिएको छ ।

हेटौँडा कपडा उद्योगलाई पुनः सञ्चालन गर्ने क्रममा नेपाली सेनाबाट सानो स्केलमा परीक्षण उत्पादन गर्न सरकारले स्वीकृत दिएको छ । उक्त उद्योगको भौतिक संरचना मर्मतका लागि करिब रु ५० लाखको लागत अनुमान तयार गरी पेस गरिएको छ । त्यस्तै, दैलेखको जलजले क्षेत्रमा ११२ दशमलव एक अर्ब घनमिटर प्राकृतिक ग्यास भण्डार रहेको प्रारम्भिक अध्ययनबाट पुष्टि भएको छ । त्यसको उपयोगमार्फत २०० मेगावाट विद्युत्, दैनिक दुई हजार २०० टन युरिया मल तथा सवारी इन्धन सिएनजी/पिएनजी उत्पादनको सम्भाव्यता सम्बन्धमा सैद्धान्तिक आधार तयार गरिएको छ । उक्त स्रोतको व्यावसायिक उत्खननका लागि आवश्यक सडक, विद्युत् र खानेपानीलगायत आधारभूत पूर्वाधारको विकास एवं ठूलो स्तरको लगानी व्यवस्थापन गर्नु सो परियोजनाको प्रमुख चुनौतीका रूपमा रहेको छ ।

नेपाल आयल निगमको सहायक कम्पनी स्थापना गरी लगानीको 'मोडालिटी' तय गर्ने, क्षेत्रगत राष्ट्रिय मापदण्ड तर्जुमा गर्ने तथा प्राविधिक जनशक्ति विकासका लागि विश्वविद्यालयसँग सहकार्य गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । विस्तृत प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययनलाई तीव्रता दिँदै परियोजनालाई चरणबद्ध र व्यवस्थित रूपमा अगाडि बढाउने कार्ययोजना तर्जुमा गरिएको छ ।

लगानीकर्तालाई एकीकृत सेवा प्रदान गर्न लगानी बोर्ड नेपालअन्तर्गत 'एकद्वार स्वीकृति प्रणाली' स्थापना गरी पूर्ण रूपमा सञ्चालनमा ल्याइएको छ । निजी क्षेत्रको मनोबल उच्च बनाउन निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति तर्जुमा गरिएको छ ।

संयुक्त अधिराज्य बेलायतसँग दोहोरा करमुक्ति सम्झौता गर्ने द्विपक्षीय छलफल र संयुक्त अरब इमिरेट्स (युएई)सँगको वार्ता प्रक्रिया अघि बढाइएको छ ।

अन्तरराष्ट्रिय कर तथा वित्तीय पारदर्शिता मापदण्ड लागू गर्ने कार्य अघि बढाइएको छ । त्यसमा 'ट्रान्सफर प्राइसिङ' निर्देशिका जारी हुनुका साथै आर्थिक विधेयक, २०८३ मा यससम्बन्धी कानुनी व्यवस्था गरिएको सार्वजनिक विवरणमा समावेश छ ।

उद्योग विभागमा सञ्चालित एकल विन्दु सेवा केन्द्रमा रहेका विभिन्न १४ निकायका प्रतिनिधिलाई थप अधिकार प्रत्यायोजन गरिएको छ । उद्योग विभागको एकल बिन्दु सेवा केन्द्रमा खटिने कर्मचारीलाई कर अधिकृतबाट कर दर्ता प्रमाणपत्र जारी हुने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

औद्योगिक तथा व्यावसायिक सुरक्षा सुदृढीकरणका लागि द्रुत प्रतिकार्य संयन्त्रको अवधारणापत्र स्वीकृत गरिएको छ । यस्तै, ७७ वटै जिल्लामा आपत्कालीन अवस्थाका लागि १५ हजार ४३९ सशस्त्र प्रहरीको टोली तयारी अवस्थामा राखिएको छ । एकीकृत व्यवसाय पुनःउत्थान योजना तयार गरी जेनजी आन्दोलनबाट प्रभावित उद्योग व्यापार, व्यावसायिक प्रतिष्ठान तथा आर्थिक गतिविधिलाई राहत, कर, छुट, सहुलियत तथा अन्य मौद्रिक सुविधा प्रदान गरिएको छ ।

नेपाल राष्ट्र बैङ्कमार्फत जेनजी आन्दोलनका क्रममा सृजना भएको असामान्य परिस्थितिबाट प्रत्यक्ष रूपमा प्रभावित उद्योग, व्यापार, व्यवसाय, प्रतिष्ठान तथा अन्य ऋणीलाई दिइएको कर्जा पुनर्तालिकीकरण र पुनर्संरचना गर्न सक्ने व्यवस्था गरिएको छ । दुर्गम स्थानमा खाद्यान्न भण्डार र नुन ढुवानी वितरण प्रणालीलाई प्राथमिकता दिई राष्ट्रिय खाद्य भण्डारमा न्यूनतम मौज्दात क्रमशः आठ हजार मेट्रिक टन र २५ हजार मेट्रिक टन कायम रहेको छ ।

### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
विज्ञापन वोर्ड

# सन् २०३५ सम्म पाँचवटा एकीकृत आरोग्य केन्द्र स्थापना गरिने

काठमाडौँ । सरकारले नेपाललाई आरोग्य पर्यटनको गन्तव्य मुलुकका रुपमा विकास गर्ने उद्देश्यले सन् २०३५ सम्म पाँचवटा प्रमुख एकीकृत आरोग्य केन्द्र स्थापना गर्ने भएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको १०० दिनको उपलब्धि सार्वजनिक गर्न शनिबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नेपाललाई आरोग्य पर्यटनको गन्तव्यका रुपमा विकास गर्ने उद्देश्यले उक्त योजना अघि सारिएको बताउनुभयो ।

नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घको साधारणसभाले प्रत्येक वर्षको अप्रिल १५ लाई विश्व आरोग्य दिवस मनाउने घोषणा गरिसकेको छ । उक्त दिवसलाई मुलुकभर अभियानका रुपमा सञ्चालन गर्ने, 'आरोग्य पर्यटन गन्तव्य नेपाल, आर्थिक समृद्धिको आधार' भन्ने दूरदृष्टिसहित राष्ट्रिय आरोग्य पर्यटन रणनीति (सन् २०२६ देखि २०३५ सम्म) तथा यससम्बन्धी कार्ययोजना (सन् २०२६ देखि २०३० सम्म) जारी भइसकेको मन्त्री पोखरेलले बताउनुभयो ।

उहाँले सन् २०३० सम्ममा कुल अन्तरराष्ट्रिय पर्यटक आगमनमा आरोग्य पर्यटकको हिस्सा ११ प्रतिशत पुऱ्याउने सरकारले लक्ष्य लिएको उल्लेख गर्नुभयो । साथै सन् २०३५ सम्ममा पर्यटकको सन्तुष्टिस्तर ८.५ र १० कायम गर्ने समेत सरकारको योजना रहेको उहाँको भनाइ छ ।

सरकारले गत चैतमा सार्वजनिक गरेको शासकीय सुधार सम्बन्धित १०० बुँदामा आरोग्य पर्यटनसम्बन्धी आवश्यक व्यवस्था गर्ने उल्लेख गरेको थियो ।

प्रवक्ता पोखरेलका अनुसार सरकारले उदयपुर (कोशी नदी आसपास), अछाम (रामारोशन), बाजुरा बडिमालिका, अपी हिमाल ट्रेकिङ रुट, दोर्दी हिमाल ट्रेकिङ रुटलगायत क्षेत्रमा व्यवस्थित पर्यटनका लागि आवश्यक अध्ययन प्रतिवेदन तयार पारेको उल्लेख गरेको छ ।

सरकारले गत वैशाख २ गते नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई एकीकृत रुपमा सञ्चालन गर्ने उद्देश्यले 'नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति (गठन आदेश), २०८२ स्वीकृत गरी सञ्चालनमा ल्याइसकेको जनाएको छ ।

साथै यस अवधिमा रामजानकी मन्दिरलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरी चारकिल्ला तोक्ने कार्य अन्तिम चरणमा रहेको, आन्तरिक हवाई सेवाको दायित्वसम्बन्धी विधेयक, २०८३ तर्जुमा गरेको, नेपालमा सञ्चालित सबै वायुसेवा कम्पनीहरूको हवाई टिकट अनलाइन प्रणालीबाट बिक्री गर्ने व्यवस्था मिलाएको मन्त्री पोखरेलको भनाइ छ । सोबाट टिकट खरिद बिक्री प्रणाली व्यवस्थित भएको तथा डिजिटल, पूर्वानुमानयोग्य र पारदर्शी टिकट प्रणाली कायम भई नागरिकको सहज र समान पहुँच कायम भएको उहाँको भनाइ छ ।

पर्वतारोहण अनुमतिसम्बन्धी निवेदन, राजस्व, अनुमति प्रमाणपत्र, डिब्रिफिङ प्रतिवेदन र प्रमाणपत्रका साथै होटल तथा क्यासिनोलगायतका अधिकांश सेवा डिजिटल माध्यमबाट प्रवाह हुने व्यवस्थाको सुरुआत गरेको जनाएको छ । साथै पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा आगामी सेप्टेम्बरदेखि नियमित अन्तरराष्ट्रिय उडान सुरु गर्ने गरी फ्लाई दुबईको 'समर' र 'विन्टर सिजन'को उडान तालिका स्वीकृत भइसकेको जनाएको छ । मन्त्री पोखरेलका अनुसार कर्णाली, सुदूरपश्चिमलगायत सम्बन्धित क्षेत्रका नागरिकलाई आवागमनमा सहजताका लागि नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थलमा एक/एकवटा र लुम्बिनीमा दुईवटा विद्युतीय बस सञ्चालनमा ल्याएको जनाएको छ ।

# प्रेस स्वतन्त्रताप्रति प्रदेश सरकार प्रतिबद्ध

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

प्रेस रजिस्ट्रारको कार्यालय, गण्डकीद्वारा शनिबार पोखरामा आयोजित 'गण्डकी प्रेस समिट'को उद्घाटन सत्रमा उहाँले सरकारको नेतृत्वमा जुनसुकै दल भए पनि प्रेसको स्वतन्त्रताको सम्मान गर्नुपर्ने बताउनुभयो ।

"प्रेस जगत् स्वतन्त्र हुनुपर्छ त्यसमा दुई मत छैन, पत्रकारिता पनि सत्यतथ्यमा आधारित, विश्वसनीय र जवाफदेही हुनुपर्छ," उहाँले भन्नुभयो, "सामाजिक सञ्जाल र मूलधारको पत्रकारिताबारे नागरिकलाई पनि सुसूचित गर्नु जरुरी छ ।" मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले कमीकमजोरी गर्दा निर्धक्क भएर कलम चलाउन आग्रह गर्नुभयो । उहाँले आफू व्यक्तिगत हिसाबले पनि सँधै प्रेस स्वतन्त्रताको पक्षधर रहेको बताउनुभयो ।

मिडिया समिटमा 'मिडियाको अर्थतन्त्र' र 'पत्रकारितामा एआई' विषयमा बहसमूलक सत्र सञ्चालन गरिएको थियो । कार्यक्रममा गण्डकी प्रदेशका अग्रज पत्रकारलाई सम्मान गरिएको थियो । सोही अवसरमा 'हाम्रो समयको पत्रकारिता' पुस्तक पनि विमोचन गरिएको थियो ।

# संविधान संशोधन बहस कार्यदलले असार मसान्तभित्र प्रतिवेदन बुझाउने

काठमाडौँ । प्रधानमन्त्री वालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार एवं संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम शाहले यही असार मसान्तभित्र प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाउने तयारी भइरहेको जानकारी दिनुभएको छ ।

वर्तमान सरकार गठनको १०० दिनमा सम्पादन भएका प्रमुख उपलब्धि सार्वजनिक गर्न शनिबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले कार्यदलले आफ्नो काम गरिरहेको बताउनुभयो ।

संयोजक शाहले भन्नुभयो, "असार मसान्तभित्र प्रधानमन्त्रीसमक्ष प्रतिवेदन बुझाउने तयारीमा कार्यदल रहेको छ । कार्यदलले विभिन्न सरोकार निकाय, संविधानविद्, राजनीतिक दलसँग छलफल गरिरहेको छ । अब प्रतिवेदन लेखनको अवस्थामा आइपुगेका छौँ ।"

# लीलाध्वज थापा साहित्य सम्मान/पुरस्कार रोचक घिमिरेलाई

काठमाडौँ । यस वर्षको लीलाध्वज थापा साहित्य सम्मान/पुरस्कार वरिष्ठ साहित्यकार रोचक घिमिरेलाई प्रदान गरिएको छ । लीलाध्वज थापा साहित्य प्रतिष्ठानले शनिवार आयोजना गरेको कार्यक्रममा परराष्ट्रविद् एवं साहित्यकार डा जयराज आचार्यले रु २५ हजार राशिसहित सम्मानपत्रको सो पुरस्कार घिमिरेलाई प्रदान गर्नुभएको हो ।

आचार्यले समकालीन साहित्यिक विषयमा गहन समाचार छाप्ने साहित्यिक पत्रिका रचनाका सम्पादक घिमिरेलाई पुरस्कार दिन पाउँदा खुसी लागेको बताउनुभयो । कार्यक्रममा साहित्यकार डा देवी नेपालले लीलाध्वज थापाको साहित्यिक व्यक्तित्वबारे चर्चा गर्नुभएको थियो । प्रतिष्ठानका अध्यक्ष साहित्यकार विजयध्वज थापाले भाषा, साहित्यको सेवा गर्ने उद्देश्यले संस्था स्थापना गरिएको बताउनुभयो ।

पुरस्कृत व्यक्तित्व घिमिरेले उपन्यासकार लीलाध्वज थापाका नाममा स्थापित संस्थाले दिएको पुरस्कार पाउँदा खुसी लागेको बताउनुभयो ।

यो पुरस्कार यसअघि आठ जनालाई प्रदान गरिसकिएको छ । विसं २०७५ देखि यो पुरस्कार स्थापना गर्न सुरु भएको हो । पहिलो वर्ष प्रा डा वासुदेव त्रिपाठीलाई यो पुरस्कार प्रदान गरिएको थियो । दोस्रो वर्ष वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीलाई यो पुरस्कार प्रदान गरिएको थियो । त्यसपछिका वर्षमा क्रमशः प्रा डा तारानाथ शर्मा, संस्कृतिविद् कवि तुलसी दिवस, प्रा गोपीकृष्ण शर्मा, इतिहासविद् ज्ञानमणि नेपाल, आख्यानकारी गीता केशरी र प्रा डा दयाराम श्रेष्ठलाई पुरस्कार/सम्मान प्रदान गरिसकिएको छ । प्रतिष्ठानले प्रत्येक तीन/तीन महिनामा लीलाध्वज थापा स्रष्टा सम्मान प्रदान गर्ने गरेको छ । रु १० हजार राशिको यो सम्मान हालसम्म ८३ जनालाई प्रदान गरिसकिएको प्रतिष्ठानका अध्यक्ष विजयध्वज थापाले बताउनुभयो ।

# संविधानको मर्मअनुसार कानुन कार्यान्वयन गर्न मुख्यमन्त्री यादवको आग्रह

महेन्द्रनगर (धनुषा) । मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संविधानको प्रभावकारी कार्यान्वयन, विधिको शासनको सुदृढीकरण तथा नागरिकलाई सहज र गुणस्तरीय न्याय सुनिश्चित गर्न राज्यका सबै निकायबीच समन्वय, सहकार्य र निरन्तर संवाद आवश्यक भएको बताउनुभएको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालयद्वारा शनिबार जनकपुरधाममा आयोजित तथा उच्च अदालत जनकपुरको सहकार्यमा सम्पन्न 'समसामयिक तथा संवैधानिक कानुनी सवालमा छलफल'मा उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयन का लागि संविधानको मर्मअनुसार कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन अपरिहार्य भएकामा जोड दिनुभयो ।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले संविधान र कानुनको प्रभावकारी कार्यान्वयनबाट मात्र सुशासन, विधिको शासन तथा नागरिकको न्यायप्रतिको विश्वास सुदृढ हुने बताउनुभयो । उच्च अदालत जनकपुरका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले संविधान गतिशील दस्तावेज भएकाले त्यसमा समयानुकूल परामर्जन असान्दर्भिक नहुने धारणा व्यक्त गर्नुभयो । मुख्य न्यायाधिवक्ता सुनिलरञ्जन सिंहले प्रदेश सरकारसँग सम्बन्धित संवैधानिक तथा कानुनी विषयमा देखिने जटिलताको समाधानका लागि सम्बन्धित निकायबीच छलफल आवश्यक छ भन्नुभयो । त्यस अवसरमा उच्च अदालतका न्यायाधीश, जिल्ला न्यायाधिवक्ता, सरकारी वकिल, कानुनका जानकार, प्रदेश सरकारका सचिव, विभिन्न मन्त्रालयका कानुन अधिकृत तथा सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता थियो ।

# सहकारीप्रतिको जनविश्वास पुनःस्थापित गर्नुपर्नेमा जोड

पाटन (ललितपुर) । राष्ट्रिय सहकारी महासङ्घले १०४औँ अन्तरराष्ट्रिय सहकारी दिवसका अवसरमा हिजो (शनिबार) आयोजना गरेको कार्यक्रमका वक्ताले सहकारीप्रतिको जनविश्वास पुनःस्थापित गर्नुपर्नेमा जोड दिएका छन् ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा सहकारी क्षेत्रको योगदानको चर्चा गर्दै उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धिमा सहकारीलाई केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराज आचार्यले आफ्नो नेतृत्वमा ५८ दिनको अवधिमा समस्याग्रस्त सहकारीबाट रु छ करोडभन्दा बढी असुली गरी रु चार करोड ५० लाखभन्दा बढी बचतकर्तालाई फिर्ता गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार दुई सहकारी संस्था समस्यामुक्त भई पुनः सञ्चालनमा आउने प्रक्रियामा छन् ।

महासङ्घका संस्थापक अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले सीमित सहकारीमा देखिएका समस्याका कारण समग्र सहकारी अभियान कमजोर भएको बताउनुभयो ।

महासङ्घका सल्लाहकार लीलामणि पोखरेलले सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता र अनुशासन सुदृढ गर्न आवश्यक भएको बताउनुभयो । राष्ट्रिय योजना आयोगका पूर्वसदस्य उषा झाले समाज, समुदाय र सहकारीबीचको सहकार्यले दिगो विकास र शान्ति प्रवर्द्धनमा योगदान पुग्ने बताउनुभयो । सहकारी विभागका रजिस्ट्रार बाबुराम गौतमले संस्थागत सुशासन, इमानदारी, पारदर्शिता र सदस्यकेन्द्रित कार्यशैलीमार्फत सहकारी प्रतिको जनविश्वास पुनःस्थापित गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा पाँच विधामा उत्कृष्ट सहकारी सङ्घ, संस्था, सहकारी अभियन्ता, कर्मचारी र पत्रकारलाई सम्मान गरिएको थियो ।

# डेब्रिज थुप्रिनु काठमाडौँ डुबानको मुख्य कारण

काठमाडौँ । काठमाडौँमा वर्षापछि बागमती नदीमा डेब्रिज (गेग्रान तथा फोहर) थुप्रिएर नदीको सतह उच्च हुँदा सहायक नदीमा पानीको निकास अवरुद्ध भई विभिन्न सडक डुबानमा पर्ने समस्या देखिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

यही असार १८ गतेको अविरल वर्षापछि काठमाडौँ उपत्यकाका विभिन्न सडक जलमग्न भई सवारी आवागमन प्रभावित बनेपछि ट्राफिक प्रहरीले विज्ञ टोलीसहित शुक्रबार यहाँका बागमतीसहित सहायक नदीहरूको स्थलगत निरीक्षण गरेको थियो । उक्त निरीक्षण अध्ययनका क्रममा बागमती नदीको सतह डेब्रिज उच्च हुँदा टुकुचा, धोबीखोला, विष्णुमतीलगायत सहायक नदीबाट आउने पानी सहज रूपमा बग्न नसकी उल्टो बहाव (ब्याक फ्लो) हुने अवस्था देखिएको उपत्यका ट्राफिक प्रहरीले निष्कर्ष निकालेको छ ।

वर्षा हुँदा बागमती नदीको सतह सहायक नदीभन्दा माथि पुग्ने गरेकाले वर्षाको पानी नदीमा मिसिन नसकी सडकतर्फ फैलिने र सडक जलमग्न हुने गरेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताउनुभयो । उहाँले भन्नुभयो, "बागमतीमा थुप्रिएको डेब्रिजका कारण नदीको सतह उचालिएको छ । यसले सहायक नदीहरूको पानीको निकास रोकेको देखिन्छ । सम्बन्धित निकायले विस्तृत अध्ययन गरी दीर्घकालीन समाधान खोज्न आवश्यक छ ।"

वर्षातको समयमा हुने सडक डुबान न्यूनीकरणका लागि बागमती नदीबाट कम्तीमा पनि डेढ मिटर गहिराइसम्म डेब्रिज हटाउनसके पानीको बहाव सहज हुने भन्दै यसले सडकमा पानी जम्ने समस्या उल्लेखनीय रूपमा कम हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । काठमाडौँ उपत्यकामा वर्षायाममा सडक डुबानको दीर्घकालीन समाधानका लागि नदीको नियमित सफाइ, डेब्रिज व्यवस्थापन, प्रभावकारी ढल तथा पानी निकास प्रणाली सुधारमा सम्बन्धित निकायले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता उक्त अनुगमन टोलीले औँल्याएको छ । ट्राफिक प्रहरीका अनुसार बिहीबारको वर्षापछि सिंहदरबार, न्युप्लाजा, अनामनगर, सिनामङ्गल, गौशाला, तिलगङ्गा, माइतीघरलगायत क्षेत्रका सडक जलमग्न बनेका थिए ।

# नारायणघाट-बुटवल सडकः पूर्वी खण्डमा कालोपत्रे सम्पन्न

मध्यविन्दु । नारायणघाट-बुटवल सडक विस्तार आयोजनाको पूर्वी खण्डमा मुख्य सडकको सम्पूर्ण कालोपत्रे तथा ढलान सडक निर्माण सम्पन्न भएको छ ।

आयोजनाको पूर्वी खण्ड अन्तर्गत पेभमेन्ट तर्फको बाइन्डर कोर्स, वेयरिङ कोर्स (अन्तिम कालोपत्रे) र कङ्क्रिट पेभमेन्ट (ढलान सडक) को सम्पूर्ण निर्माण शुक्रबारदेखि सम्पन्न भएको नारायणघाट-बुटवल सडक आयोजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इन्जिनियर शिव खनाले जानकारीदिनु भयो । "मुख्य सडकको कालोपत्रे र ढलान सडक निर्माण सम्पन्न भइसकेको छ । अब सडक सुरक्षा अन्तर्गतका कामहरु मात्र बाकी रहेका छन्," उहाँले भन्नु भयो, "यो सँगै सडक आयोजनाको पूर्वी खण्डको समष्टिगत भौतिक प्रगति ९२.३८ प्रतिशत पुगेको छ ।"

उहाँका अनुसार निर्माण सम्पन्न भइसकेका अधिकांश खण्डमा सवारी आवागमन सहज भइसकेको छ भने बाँकी रहेका सहायक संरचनाको काम पनि अन्तिम चरणमा पुगेको छ ।

एसियाली विकास बैंक (एडीबी) को सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण भइरहेको ११३ किलोमिटर लामो नारायणघाट-बुटवल सडक आयोजना दुई खण्डमा विभाजन गरी कार्यान्वयन भइरहेको छ ।

गैंडाकोटदेखि दाउन्नेसम्म करिब ६५ किलोमिटर पूर्वी खण्ड र दाउन्नेदेखि बुटवलसम्म करिब ४८ किलोमिटर पश्चिमी खण्ड निर्माणाधीन छन् । सन् २०१९ मा चीनको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन सँग निर्माण सम्झौता भएको आयोजना कोभिड-१९ महामारी, वन क्षेत्रको रूख कटानमा ढिलाइ, विद्युत् तथा खानेपानीका संरचना स्थानान्तरण, नदीजन्य निर्माण सामग्रीको आपूर्ति समस्या तथा अन्य प्राविधिक कारणले निर्धारित समयमा सम्पन्न हुन सकेको थिएन ।

पछिल्ला महिनामा निर्माण कार्यले उल्लेखनीय गति लिएसँगै पूर्वी खण्डमा मुख्य सडकको सम्पूर्ण कालोपत्रे सम्पन्न भएको हो ।

## नागरिकको पहुँच विस्तारका लागि सरकारले काम गरिरहेको भनाई

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तारका लागि सरकारले काम गरिरहेको बताउनुभएको छ । धनगढीमा शनिबार आयोजित 'द लास्ट माइल हेल्थ समिट-२०८३' को उद्घाटन गर्दै उहाँले जनताको आधारभूत आवश्यकताका रूपमा रहेको स्वास्थ्य सेवा सुधार र गाउँ-गाउँमा स्वास्थ्य सेवा प्रवाह गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

मुख्यमन्त्री शाहले आफूले सुदूरपश्चिमका पाँच वटा आधारभूत अस्पताललाई प्रादेशिक अस्पताल बनाउने नीतिअनुसार दुई वटा अस्पताललाई स्तरोन्नति गरिसकिएको र तीन अस्पताल प्रक्रियामा रहेको जानकारी दिनुभयो । "म नेतृत्वमा आएपछि यहाँका पाँच वटा अस्पताललाई स्तरोन्नति गर्ने घोषणा गरेको थिए । त्यसअनुसार दुई वटा स्तरोन्नति भइसकेका छन्, बाँकी प्रक्रियामै छन् । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा कैलालीको टीकापुर, सेती र कञ्चनपुरको महाकाली प्रादेशिक अस्पताललाई स्तरोन्नति गरी १०० शय्या र जिल्ला अस्पतालहरूलाई २५-५० शय्यामा स्तरोन्नति गर्ने योजना समेटिएको छ । त्यसले विशेषज्ञ सेवा विस्तारमा उल्लेख्य टेवा पुग्ने छ", मुख्यमन्त्री शाहले भन्नुभयो ।

प्रादेशिक अस्पतालहरूमा मृगौला रोगको उपचारका लागि डायलाइसिस सेवा विस्तारको प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उहाँले बिरामीको चाप र जनताको आवश्यकतालाई मध्यनजर गर्दै सूचना तथा प्रविधिको प्रयोगमार्फत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइने बताउनुभयो ।

कार्यक्रममा आर्थिक मामिलामन्त्री बिक्रमसिंह धामीले सीमित स्रोतसाधनका बाबजुत पनि सरकारले स्वास्थ्य सेवाको पहुँच विस्तारमा काम गरिरहेको बताउनुभयो । उहाँले स्वास्थ्य क्षेत्र सुधारका लागि सरोकार भएका सबै क्षेत्रको प्रभावकारी भूमिका आवश्यक रहेको र त्यसमा सहजीकरण गर्न प्रदेश सरकार तयार रहेको बताउनुभयो ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका जनस्वास्थ्य प्रशासक रमेश मलासीले प्रदेशमा सञ्चालित डिजिटल स्वास्थ्य प्रणालीबारे प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले प्रदेशका २० वटा नगरपालिकामा स्मार्ट हेल्थ किट, प्रादेशिक तथा जिल्ला अस्पतालहरूमा विद्युतीय स्वस्थ्य अभिलेख प्रणालीलगायत प्रविधिको प्रयोग र अछाम जिल्लाका पालिकाहरूमा सामुदायिक स्वास्थ्य कार्यक्रम सञ्चालनमा रहेको जानकारी गराउनुभयो ।

जनस्वास्थ्य प्रशासक मलासीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा 'स्वास्थ्यमा प्रविधि, समृद्धिमा गति' भन्ने नारासहित विशेषज्ञ चिकित्सा सेवाको पहुँच बढाउन 'टेलिहेल्थ' लगायत कार्यक्रम सञ्चालन गर्ने नीति रहेको जानकारी दिनुभयो । "ग्रामीण समुदायमा विशेषज्ञ चिकित्सा सेवाको पहुँच बढाउन स्वास्थ्य क्षेत्रमा डिजिटलाइजेसनको नीतिअनुसार एकीकृत ड्यासबोर्ड, इलेक्ट्रोनिक परिवार स्वास्थ्य प्रोफाईल, टेलिमेडिसिन, जिआइएस कोडिङ्गलगायत सेवाको थप विस्तार र सुदृढीकरण गर्दैछौँ", उहाँले भन्नुभयो ।

बाजुराका बुढीनन्दा, बडिमालिका, बुढीगङ्गा र त्रिवेणी नगरपालिका तथा स्मार्ट हेल्थ ग्लोबलको संयुक्त आयोजनामा समिट भएको हो ।

त्यस अवसरमा बाजुराका चार पालिकामा जनतासँग डिजिटल स्वास्थ्य सेवा प्रवाहका विषयमा छलफलसमेत गरिएको कार्यक्रमका अध्यक्ष एवं बडिमालिका नगरप्रमुख अमरबहादुर खड्काले जानकारी दिनुभयो ।

## हेटौँडामा यात्रुवाहक बस दुर्घटना, नौ जना घाइते

मकवानपुर । जनकपुरबाट पोखरातर्फ आउँदै गरेको ना ६ ख ७४५७ को यात्रुवाहक बस दुर्घटना हुँदा ९ जना घाइते भएका छन् । हेटौँडा-वीरगन्ज सडक खण्डको हेटौँडा उपमहानगरपालिका वाड नं १५ को रातोमाटे चेक प्वाइन्ट नजिकै बस दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दुर्घटनामा परेका यात्रुहरूलाई स्थानीय र प्रहरीले उद्धार गरेका थिए । गम्भीर घाइते नौ जनालाई थप उपचारको लागि हेटौँडा अस्पताल ल्याइएको छ । बसमा ३०-३५ जना यात्रुहरू सवार रहेको र अन्य यात्रुहरू सामान्य रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो । बस चालक धनुषाको जनकपुर उपमहापालिका ८ बस्ने वर्ष ५० को धनीराम विश्वकर्मालाई प्रहरीले अनुसन्धानको लागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## विदेशी पर्यटक बढे

काठमाडौँ । नेपालमा विदेशी पर्यटकको आगमन बढेको छ । नेपाल पर्यटन वोर्डका अनुसार गत वर्षको ६ महिनाको तुलनामा यस वर्षको सोही अवधिमा विदेशी पर्यटक आगमन बढेको हो ।

बोर्डका अनुसार सन् २०२५ को जनवरीदेखि जुनसम्म पाँच लाख ७७ हजार ६८९ विदेशी पर्यटक नेपाल भित्रिएकामा यसवर्षको सोही अवधिमा कूल छ लाख २० हजार ४५३ नेपाल आएका छन् ।

नेपाल पर्यटन बोर्डका अनुसार अन्तरराष्ट्रिय हवाई उडान विस्तारलगायतका कारणले विदेशी पर्यटक आगमन बढेको हो । बोर्डका अनुसार सन् २०२६ को जनवरीमा ९२ हजार ५७३, फेब्रुअरी एक लाख पाँच हजार ४४१, मार्चमा एक लाख २० हजार ५१६, अप्रिलमा एक लाख सात हजार ९३४, मे मा एक लाख दुई हजार ६२६ र जुनमा ९१ हजार ३६३ पर्यटक नेपाल आएका छन् ।

## परिषद्द्वारा उत्कृष्ट सूचना प्रविधि उद्यमीलाई पुरस्कृत

भक्तपुर । राष्ट्रिय युवा परिषद्ले छ जना उत्कृष्ट सूचना प्रविधि उद्यमी तथा स्टार्टअप व्यवसायीलाई जनही रु दुई लाखसहित पुरस्कृत गरेको छ ।

उक्त पुरस्कारबाट यार्सा टेक प्रालि पोखराकी सविता शर्मा, सात्भिका भान्साघर कैलालीकी महेश्वरीकुमारी सिंह, ई-कागजपत्र प्रालि ललितपुरका निकेश सिंह, सकल बायो इञ्जाइम नेपाल ललितपुरकी सरला महर्जन, भर्मिकाउ अर्गानिक्स कैलालीका आयुश अवस्थी र डियर सर 'होम ट्युसन' प्रालि काठमाडौँका रविकिरण श्रेष्ठ पुरस्कृत हुनुभएको हो ।

राष्ट्रिय योजना आयोगका सदस्य पुकार मल्लले पुरस्कार वितरण गर्दै नेपालमा युवा उद्यमशीलताको सम्भावना अत्यधिक रहेको बताउँदै उद्यमशीलता प्रवर्द्धनमार्फत देशभित्रै रोजगारी र समृद्धिको आधार निर्माण गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले जेनजी प्रदर्शनपछि बनेको नयाँ सरकारसँग नागरिकले आर्थिक उपलब्धि खोजिरहेका बताउँदै सरकारले यसतर्फ केन्द्रित भएर काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले युवा उद्यमीका नवीनतम् सोच, सीप र उद्यम कार्यलाई प्रोत्साहित गर्ने उद्देश्यले सम्मानस्वरुप छ जनालाई पुरस्कृत गरिएको बताउनुभयो । पुरस्कार वितरण कार्यक्रममा युवा, श्रम तथा रोजगार मन्त्रालयका सहसचिव हेमराज तामाङ, परिषद्का पूर्वउपाध्यक्ष सुरेन्द्र बस्नेत लगायतले मुलुकको समृद्धिका लागि 'स्टार्टअप' व्यवसाय तथा उद्यमप्रति आकर्षण बढाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा आवेदन दिएका मध्येबाट १५ वटा व्यवसायी छनोट गरी शुक्रबार कार्यालय हाताभित्र सूचना प्रविधि उद्यमी तथा स्टार्टअप व्यवसाय प्रदर्शनी गरिएको थियो ।

## खोटाङको साप्सु खोलाका ढुंगामा माझिँदै छन् मूर्तिकारका सीप

दिक्तेल । धरान मूर्तिकला घरका सञ्चालक धीरज राई यतिखेर दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको शुभम् फाउण्डेशनमा भइरहेको मूर्तिकला कार्यशालामा स्थानीय साप्सु खोलाबाट ल्याइएका ढुङ्गामा आफ्नो श्रम र सीप लगाउन व्यस्त हुनुहुन्छ ।

एउटै ढुङ्गामा किराती समुदायको मौलिकता झल्काउने लक्ष्य अनुरूप निरन्तर लागि राख्नुभएका उहाँले ढुङ्गामा बाबु (चिन्डो) सेलोमा, ढोल, झ्याम्टा, धनुकाँण, तीन चुलोको प्रतीक बुन्छन् आदि तयार गरिहनुभएको छ । विगत १२ वर्षदेखि मूर्तिकारितामा निरन्तरको लगाब राख्दै आउनुभएका राई यही असार १२ गतेदेखि दिक्तेलमा सञ्चालित मूर्तिकला कार्यशाला मा लागिरहनुभएको हो ।

राईले तयार गर्नुभएका मूर्ति धरान मूर्तिकला घरबाट देशका विभिन्न स्थानमा पुगिसकेका छन् । उहाँले यसअघि ५० फिट अग्लो लिटिल बुद्धको मूर्ति निर्माणसँगै थुप्रै मूर्तिहरू तयार गरिसक्नुभएको छ । उहाँसहित सामूहिक सहकार्यमा तयार गरिएको ११० फिट अग्लो यलम्बरको मूर्ति खोटाङको बुइपामा ठड्याइसकिएको छ ।

गोरखाको सुलिकोटमा गिरिजा प्रसाद कोइराला र पुष्पकमल दाहाल 'प्रचण्ड' भएको शान्ति सम्झौताको प्रतिमादेखि पृथ्वीनारायण शाह आदिका मूर्तिका साथै धरानका पूर्वनगरप्रमुख हर्क साम्पाङको प्रतिमा आदिले उहाँको मूर्तिकारिताले समय-समयमा चर्चा पाउने गरेको छ ।

करिब एक डेढ घण्टामा दुरुस्त मूर्ति तयार गर्न सक्ने क्षमताका राई ठाउँठाउँका जीवन्त प्रदर्शनीमा पनि आफूलाई उभ्याइ सक्नुभएको छ । राई जस्तै नवलपरासीका मूर्तिकार विके नरबहादुर पनि यतिखेर दिक्तेलमा हुनुहुन्छ । जीवनको २५ वर्षभन्दा बढी मूर्तिकारिता मा समय खर्चिसकेका नरबहादुरले दिक्तेलमा भइरहेको कार्याशालामा सहभागी भई ढुङ्गामा माता कालीको साङ्केतिक मुहारलाई देखाउने गरी आफ्नो सीप लगाइरहनुभएको छ ।

थुप्रै मूर्तिहरू तयार गरिसक्नु भएका नरबहादुरले यसअघि बर्दघाट नगरपालिकामा १२ फिट अग्लो बुद्धको मूर्ति, स्याङ्जाको भालुवाङमा राखिएको १२ फिट अग्लो भालुको मूर्ति, स्याङ्जाको पुतली बजारमा राखिएको सुन्तलाको मूर्ति, नवलपरासीको सुस्ता पावरहाउस चोकमा राखिएको बिपी कोइरालाको मूर्ति आदि तयार गरी चर्चामा आइसक्नुभएको छ । मूर्तिकारिताका क्षेत्रमा इमान्दार भएर काम गर्ने हो भने स्वरोजगार बन्न कुनै समस्या नरहेको उहाँको अनुभव छ । राई र नरबहादुर जस्तै काठमाडौँकी शुक्ष्मा श्रेष्ठ पनि दिक्तेलमा गणेशको मूर्ति बनाइरहनु भएको छ ।

विगत ३० वर्ष अघिदेखि नै मूर्तिकारिताका क्षेत्रमा लागेकी श्रेष्ठ केही समय पारिवारिक कामले सक्रिय नबने पनि पुनः पछिल्ला १० वर्षयता यस क्षेत्रमा कृयाशिल बनेर लागिरहेको अनुभव सुनाउनुभयो ।

आफूले यस कीर्तिपुरमा गणेशको मूर्ति बनाएको अनुभव सुनाउँदै उहाँले दिक्तेलमा चौथो पटक गणेशको मूर्ति बनाउन लागेको बताउनुभयो । सबै मूर्तिकारहरूका काममा ललितकला क्याम्पसमा फाइन आर्ट विषयमा स्नातक तह अध्ययन गरिहेका रूपन्देहीका आयुष सुनार, स्याङ्जाका विदुर पौडेलले सहयोग गरिहनुभएको छ ।

कार्यशालामा पाँच वटा प्रदेश, १२ जिल्लाका साथै एक जना भारतीय कलाकार पनि सहभागी बन्नुभएको छ । मूर्तिकारहरूले कार्यशालामा सहभागी भई गौतमबुद्धको अर्धकदको मूर्ति, जट्टाधारी शिवजीको अर्धकदको मूर्ति, किरात संस्कार तथा संस्कृतिसँग सम्बन्धित ढोल, झ्याम्टा, बाबु (चिन्डो) तथा धनुषवाण, लोपोन्मुख जनावर रेडपाण्डालगायतका कलात्मक मूर्ति निर्माण गर्ने विश्वको उत्कृष्ट गन्तव्य



नेपाल बनाउने महाअभियानका निर्देशक नकुल सिंहले जानकारी दिनुभयो ।

धार्मिक तथा पर्यटकीयस्थल मझुवागढी संरक्षण तथा प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारको आर्थिक सहयोगमा कार्यशाला आयोजना गरिएको हो । कार्यशालामा बनाएका कलात्मक मूर्तिलाई धार्मिक तथा पर्यटकीयस्थल मझुवागढीमा लगेर राखिनेछ ।

यसअघि जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राई, नगरप्रमुख तीर्थराज भट्टराई र प्रमुख जिल्ला अधिकारी रेखा कँडेलले ढुङ्गामा छिनो र मार्तलले आकृति कोरेर कार्यशालाको शुभारम्भ गर्नुभएको थियो । दिक्तेल बजार नजिकै रहेको मझुवागढीलाई सौन्दर्यकरण गर्नका लागि सङ्घ, प्रदेश तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको ठूलो धनराशि लगानी भइरहेको छ । दिक्तेल बजारस्थित हाटडाँडाबाट करिब ४५ मिनेट उकालो चढ्दा पुगिने मझुवागढीलाई सांस्कृतिक विविधतामा आधारित पर्यटकीय गन्तव्य बनाउन मूर्ति राख्ने तयारी गरिएको हो ।

जिल्लाको सबैभन्दा ठूलो यस नगरपालिकाले भौतिक पूर्वाधार विकाससँगै कला, साहित्य तथा सृजनाका कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको छ । यसअघि पालिकाले पर्यावरण संरक्षणका रेडपाण्डा तथा थार महोत्सव, स्थानीय कच्चापदार्थलाई प्रयोगमा ल्याउन राष्ट्रिय बाँस सम्मेलन, चित्रकलालाई प्रवर्द्धन गर्न मुन्दुम अन्तरराष्ट्रिय चित्रकला कार्यशालालगायत कार्यक्रम सम्पन्न गरिसकेको छ ।

भौगोलिक, ऐतिहासिक एवं सांस्कृतिक महत्व बोकेको मझुवागढीको गरिमालाई मूर्तिकारिताका माध्यमबाट थप उजागर गर्ने लक्ष्य लिइएको छ ।

## वन उद्यममा जोडिँदै नवलपुरका महिला

त्रिवेणी । वनमा खेर जाने वन पैदावारको सदुपयोग गर्दै नवलपुरका महिलाले हस्तकला उद्यममार्फत आयआर्जनसँगै स्थानीय रोजगारी सिर्जना गरिरहेका छन् । जिल्लाको देवचुली नगरपालिकास्थित नमूना महिला सामुदायिक वनमा आबद्ध महिलाले थाकल र अम्रिसोको उपयोग गरी विभिन्न हस्तकलाका सामग्री तथा कुचो उत्पादन गर्दै आत्मनिर्भर बन्ने अभियान सञ्चालन गरेका हुन् ।

पहिले वनमा खेर जाने थाकल अहिले महिलाहरूको आम्दानीको मुख्य स्रोत बनेको छ । उहाँहरूले थाकलबाट झोला, टेबल म्याट, टिम्याट, टोपी, गमला, सजावटका सामग्रीलगायत विभिन्न हस्तकला उत्पादन गरिरहेका छन् । त्यस्तै अम्रिसोबाट कुचो उत्पादन गरी स्थानीय बजारदेखि काठमाडौँसम्म बिक्री गर्दै आएका छन् । नमूना हस्तकला सामान उत्पादन महिला समूहकी अध्यक्ष कोपिला रायमाझी का अनुसार केही वर्षअघि थाकलको झोला बुन्ने तालिम लिएपछि सामान्य झोला उत्पादनबाट सुरु गरिएको उद्यम अहिले विभिन्न प्रकारका हस्तकलाका सामग्री र अम्रिसोका कुचो उत्पादनसम्म विस्तार भएको छ । हाल समूहमा करिब २० जना महिला सक्रिय रूपमा आबद्ध रहेका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार समूहका सदस्यहरूले सामुदायिक वनबाट थाकल सङ्कलन गरी त्यसलाई प्रशोधन गरेर विभिन्न सामग्री उत्पादन गर्छन् । उत्पादनमा संलग्न सदस्यहरूलाई निश्चित पारिश्रमिक प्रदान गरिन्छ भने बाँकी बचत पुनः उद्यम विस्तारमा लगानी गर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

उद्यममा आबद्ध खगिसरा लुङ्गेलीले घरधन्दा सकेपछि फुर्सदको समयमा घरमै बसेर थाकलका झोला, टोपी तथा अम्रिसोका कुचो बनाउने गरेको बताउनुभयो । उद्यमबाट हुने आम्दानीले व्यक्तिगत खर्च व्यवस्थापन गर्न तथा परिवारको आर्थिक आवश्यकतामा सहयोग पुगेको उहाँको भनाइ छ । भर्खरै कुचो बनाउने तालिम लिनुभएकी कुमारी श्रेष्ठले अन्य महिलाहरू उद्यममार्फत आत्मनिर्भर बनेको देखेपछि आफू पनि समूहमा आबद्ध भएको बताउनुभयो । सीप हासिल गरेपछि आफ्नै मेहनतबाट आम्दानी गर्न सकिने आत्मविश्वास बढेको उहाँले सुनाउनुभयो । समूहले उत्पादन गरेका सामग्रीहरू मुख्यतः घरबास (होमस्टे), पर्यटन क्षेत्र तथा काठमाडौँसम्म पुग्ने गरेका अध्यक्ष रायमाझीले जानकारी दिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com